# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र नेपाल आर्थिक पत्रकार समाज-सेजनका पदाधिकारीहरूबीच बैंकको केन्द्रीय कार्यालयमा वैशाख ८ गते भेटघाट सम्पन्न भयो ।





सो अवसरमा उहाँले केन्द्रीय बैंक र आर्थिक पत्रकारिता अन्तरसम्बन्धित रहेको चर्चा गर्दै सञ्चार जगतले सत्य तथ्य विश्लेपणात्मक र स्पष्ट रूपमा समाचार बाहिर ल्याउनुपर्ने बताउनुभयो ।

आर्थिक पत्रकारिताको क्षमता विकास र विस्तारमा केन्द्रीय बैंकले सहयोग गरिरहेको र यस्तो सहयोग जारी रहने उल्लेख गर्दै उहाँले देशको अर्थतन्त्रमा सङ्कट आउनुका विविध पक्षहरूको खोजी गरी आर्थिक पत्रकारिताले सङ्कट समाधानमा सकारात्मक भूमिका खेल्न सक्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

छलफलको क्रममा कृषि र जलविद्युत् क्षेत्र वाहेक अन्य क्षेत्रको वृद्धिदर सन्तोषजनक रहेको बताउँदै गभर्नर डा. खतिवडाले शोधनान्तर घाटा बढिरहेको एकतर्फी मूल्याङ्कन गर्नुभन्दा यसलाई अमेरिकी डलरसँगको यथार्थ दरमा विश्लेषण गरी आर्थिक पत्रकारहरूले पनि सकारात्मक सन्देश जनमानसमा लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

गभर्नर डा. खतिवडाले भारतीय मुद्राको समस्या रहेको प्रचार गर्नुभन्दा व्यवसायीले यसको प्रयोग किन अनौपचारिक रूपमा बढाइरहेका छन् भन्ने सन्दर्भमा खोज पत्रकारिता विकास हुन सके आर्थिक पत्रकारितामा व्यावसायिकताको विकास हुनुका साथै नीति निर्माणमा समेत सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय